**नदी/खोलाको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धि शर्तहरु :**

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा भएको वित्तिय अधिकार क्षेत्र भित्र पर्ने नदीजन्य पदार्थ उत्खनन् शुल्क आय शिर्षकमा आ.व. २०८३/०८४ को लागि २०८४ जेष्ठमसान्तको लागि ठेक्का संचालन गर्नुपर्ने छ ।

२. ठेकेदारले पेश गरेको कबोल अंकको ३% धरौटी रकम नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । यस्तो नगद धरौटी रकम ठेक्का सम्झौता भए पश्चात फिर्ता हुनेछ ।

३. कबोल गरेको ठेक्का रकम बराबरको रकम मान्यता प्राप्त बैंकको ग्यारेन्टी ठेक्का सम्झौता बखत बुझाउनु पर्नेछ । सो बैंक जमानतको म्याद १३ महिनासम्मको हुनुपर्नेछ ।

४. संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायहरुमा ठेक्का वापतको लाग्ने करहरु ठेकेदारले स्वयम बुझाउनु पर्नेछ । कर तिरेको भौचर सम्बन्धीत फर्मले सोहि आ.व.मा नगरपालिकामा बुझाउनु पर्नेछ । ठेक्काको विवरण कर कार्यालयमा पठाइने छ । आयकर/ थप कर तिर्नुपर्ने वा नपर्ने वा मिनाहा हुने विषय प्रचलित कानुन र कर कार्यालयको निर्णय बमोजिम हुनेछ ।

५. नदीजन्य पदार्थको शुल्क मधेश प्रदेशको आर्थिक ऐनमा तोकि दिए अनुसारको हुनेछ । सो भन्दा बढी शुल्क लिन पाइने छैन ।

६. ठेक्का स्वीकृत पश्चात सम्झौता म्याद भित्र बैंक ग्यारेन्टी पेश नगरेमा ठेक्का रद्द गरिनेछ र त्यसरी ठेक्का प्रकृया ढिलो भई नगरपालिकालाई पर्न जाने आर्थिक क्षति बाँकी सरह असुल उपर गरिनेछ ।

७. ठेक्काको रकम ठेक्केदारले सम्झौता पश्चात कार्यालय समयमा जुनसुकै वेला किस्ता किस्ता गरी रकम बुझाउन सकिनेछ ।

८. सम्झौता गर्दा पहिलाको कुनै किस्ता बुझाइसकेको भएपनि बैंक जमानत जफत गर्दा सम्पुर्ण बैंक ग्यारेन्टी वापतकै रकम जफत गरिनेछ ।

९. ठेक्का सम्झौता भएको फर्मको बाहेक अन्य फर्मले दाखिला गरी ठेक्का नपरेका फर्म कम्पनीको बैंक जमानत ठेक्का सम्झौता भएपछि फुकुवा गरिनेछ ।

१०. ठेक्का सम्झौता भई सञ्चालनमा रहेको आन्तरिक आय संकलनको किस्ता भुक्तानीमा दैवी प्रकोप वा अन्य कारणले समेत हानी नोक्सानी वा वन्दावन्दी भएतापनि ठेकेदारलाई कुनैपनि रकम छुट दिइने छैन ।

११. खोलाबाट निकालिएको नदीजन्य सामग्री बिक्री मूल्य करको ठेक्का सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वंयम आफैँले मिलाई शुल्क संकलन गर्नुपर्नेछ । यसमा नगरपालिकाले आवश्यक सहजीकरण मात्र गर्नेछ।

१२. कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारण देखाइ ठेकादारले कुनैपनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिनाहा छुट दिन कार्यालय बाध्य हुने छैन ।

१३. नदीजन्य सामग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सीमित रही निकाल्नु पर्नेछ । वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै, यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

१४. ठेकेदारले नदीजन्य सामग्री स्टक राख्नुपर्ने भए प्रचलित कानून बमोजिम राख्न सक्नेछ ।

१५. IEE मा उल्लेखित अधिकतम एक मिटर गहीराईसम्म नदीजन्य पदार्थ उत्खनन् तथा लोड गर्न ट्रयाक्टरमा बकेट जडान भएको सवारी साधन प्रयोग गर्न पाउनेछ।

१६. यसमा नपरेका कुराहरु प्रचलित कानुन बमोजिम हुने छ।

१७. EGP मा निम्न कागजातहरु अपलोड गर्नुपर्ने छ।

क) आ.व. २०८१/०८२ सम्म नवीकरण भएको फर्म कम्पनि प्रमाण-पत्र।

ख) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण-पत्र।

ग) कालो सुचीमा नपरेका र नगरपालिकालाई कुनैपनि शुल्क बुझाउन बाँकी नरहेको स्व-घोषणा पत्र।

घ) कबोल गरेको रकमको ३ प्रतिशत नगद धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा कम्तिमा १२० दिन म्याद रहेको बैंक जमानत पत्र।

ङ) ठेक्का संचालकको अख्तियारी पत्र (स्थायी ठेगाना तथा मोबाईल नं. खुल्ने गरी)